# वित्तीय जानकारी इकाई (FIU-Nepal) र बीमा कम्पनीहरुका कार्यान्वयन अधिकारीहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०७९ चैत १ गते धुम्बाराही, काठमाडौं स्थित अकामा होटलमा goAMLको Live Reporting को तयारीको लागि बीमा कम्पनीहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलको प्रमुख आतिथ्यतामा आयोजना गरिएको उक्त कार्यक्रममा बोल्दै उहाँले AML/CFT सम्वन्धी कानूनहरुको हुबहु परिपालनाको आवश्यकता औल्याउदैgoAMLSystem मा आबद्ध भई प्रभावकारी रिपोटिङ्गका लागी सक्रियता देखाउन सबै बीमा कम्पनीहरुलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा इकाई प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले पछि आउने भावी पिढीहरुलाई अपराध र आतङ्कवाद मुक्त विश्व हस्तान्तरण गर्न सबै सरोकारवाला निकायहरुले सक्रियता पूर्वक आ-आफ्नो क्षेत्रबाट समन्वयात्मक रुपमा कृयाशील भई लाग्नु पर्ने धारणा राख्दै वित्तीय जानकारी इकाईले प्रयोगमा ल्याएको goAML System को Production Environment मा आवद्ध भई रिपोटिङ्ग गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रमका अतिथिहरु नेपाल बीमक संघका अध्यक्ष चंकी क्षेत्री र जीवन बिमक संघ, नेपालका अध्यक्ष पोषकराज पौडेलले कार्यक्रम निकै प्रभावकारी रहेको र goAML कार्यान्वयनका सिलसिलामा बीमा कम्पनीहरुले टाइमलाइन तयार गरी आवश्यक कार्य गर्ने धारणा व्यक्त गर्दै छलफल कार्यक्रम आयोजना गरेकोमा इकाईलाई धन्यवाद ज्ञापन गर्नु भयो ।






इकाईका उप-निर्देशक बिष्णु प्रसाद गुरागाईले स्वागत मन्तव्य गर्दै शुरु गरिएको उक्त कार्यक्रममा नेपाल बीमा प्राधिकरणका प्रतिनिधिहरु तथा जीवन, निर्जीवन र पूनर्बीमा कम्पनीहरुका अनुपालना अधिकृतहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले 'General Overview of STR/SAR/TTR Reporting' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा इकाईकै सहायक विवेश पोखरेलले 'Live Reporting on goAML(Technical Session)' शीर्षक मा दोश्रो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त अन्तरक्रिया कार्यक्रमको सञ्चालन वित्तीय जानकारी इकाईका सहायक निर्देशक आश्मा ज्ञवालीले गर्नुभएको थियो ।